# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

९८५२०८२३३३
arunrmun@gmail.com
https://arunmun.gov.np/

पत्र संख्याः २०८३/०८४
चलानी संख्याः

नेपाल संवत्: ११४६

## सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०४/०१**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८३/०४/०१ को निर्णयानुसार यस गाउँपालिका अन्तर्गत देहायको पदमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकले २०८३/०४/१५ गतेसम्म माग बमोजिमका कागजात एवं प्रभु बैंकमा रहेको अरुण गाउँपालिकाको राजश्व खाता नं २६९७०८७३६१९००१८८ मा राजश्व बुझाएको भौचर सहित यस कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। दरखास्त दिने अन्तिम मितिको दिन सार्वजनिक बिदाको दिन पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ।

**तपसिलः-**

**क) दरखास्त माग गरिएको पदको विवरणः-**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०८३/०८४ | फार्मेसी | सहायकस्तर पाँचौं | १ (एक) जना |

**ख) आवश्यक न्यूनतम शैक्षिक योग्यता एवं अनुभव तथा अन्य विवरणः**

**१. जनस्वास्थ्य अधिकृत पदको लागि**

१. न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी कोर्ष उत्तीर्ण गरी नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ।
२. उमेरको हदः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको।
३. दरखास्त दस्तुरः रु. ५००।- (पाँच सय) मात्र।
४. परीक्षाको किसिमः लिखित परीक्षा तथा अन्तर्वार्ता।
५. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः
   क) नेपाली नागरिकताको प्रमाणपत्र
   ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र
   ग) नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको प्रमाणपत्र
   घ) तालिम तथा अनुभवको प्रमाणपत्र
   ङ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
६. पारिश्रमिक एवं सेवा सुविधाः सम्बन्धित पदको लागि नेपाल सरकारले तोके बमोजिम हुनेछ।

**पुनश्चः-**

- म्याद नाघी आएको र रित नपुगी आएको दरखास्त माथि कुनै कारबाही हुने छैन।
- दरखास्त फारम यस कार्यालयको वेब साईट arunmun.gov.np बाट डाउनलोड गरि वा यस कार्यालयको प्रशासन शाखाबाट लिन सकिनेछ।
- ईमेल मार्फत दरखास्त पेश गर्ने उमेदवारले सोको यकिन गर्न यस कार्यालयमा फोन मार्फत सम्पर्क गरी सुनिश्चित गर्नुपर्नेछ।
- अनुभवः सम्बन्धित कार्यमा अनुभव भएका उम्मेदवारलाई ग्राह्यता दिइनेछ।
- परीक्षा हुने मितिः प्रारम्भिक मूल्याङ्कन छोटो सूची प्रकाशन भएको दिन प्रकाशन गरिनेछ।

.............................
जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत